राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY

प्रतिदिन १७ औं वार्षिकोत्सव





विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०



वर्ष-१७ ।। अङ्क : ६१ ॥ २०८१ चैत २४ गते आईतबार (6th Apr 2025 Sunday) | Pratidin National Daily | मूल्य-रु.५/-


# आगामी बजेटबारे झापाली उद्योगी व्यवसायीसंघ छलफल

बिर्तामोड(प्रस) ।आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि संघीय सरकारले तयार गर्न लागेको बजेटको पूर्वतयारीका सन्दर्भमा झापामा छलफल गरिएको छ ।




नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संघ झापाको आयोजनामा शनिवार विर्तामोडमा आन्तरिक राजश्व विभागका महानिर्देशक मदन दाहालको सहभागितामा निजी क्षेत्रका प्रतिनिधिहरु बीच आगामी बजेटको पूर्वतयारीबारे अन्तरक्रियात्मक छलफल गरिएको हो । छलफलमा उद्योगी-व्यवसायीहरुले अर्थतन्त्रको वर्तमान खस्कँदो अवस्थालाई मध्यनजर गर्दै आगामी बजेटको मस्यौदा तयार गर्नुपर्ने बताए । उनीहरुले हाल उद्योग पूर्ण क्षमतामा सञ्चालन नभइरहेको र व्यवसाय पनि सन्तोषजनक ढंगले चलायमान हुन नसकिरहेको अवस्थालाई बुझेर करहरुको तर्जुमा गर्नुपर्ने सुझाव दिएका थिए । उद्योगी-व्यवसायीहरुले सरकारको आर्थिक नीति, करको प्रक्रिया र कतिपय अवस्थामा दोहोरो-तेहरो करका कारण उद्योगी-व्यवसायी हतोत्साही हुने गरेको गुनासो गर्दै नीति-नियम उद्योग-व्यवसायमैत्री बन्न सके मात्र आर्थिक गतिविधिलाई गति दिन सकिने उल्लेख गरे ।

कार्यक्रममा महानिर्देशक दाहाल तथा निजी क्षेत्रका व्यवसायीहरुबीच प्यानल डिस्कसन गराइएको थियो ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संघकी सञ्जिता नेपालले सहजीकरण गरेको प्यानल डिस्कसनमा निजी क्षेत्रको तर्फबाट नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य उमेश डालमिया, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संघ केन्द्रीय अध्यक्ष अरुण राउत, नेपाल चेम्बर अफ कमर्सका केन्द्रीय सदस्य ओमकृष्ण विमली र चार्टर्ड एकाउन्टेन्ट्स शैलेन्द्र उप्रेती सहभागी थिए ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संघ झापाका अध्यक्ष सीए सुशीलकुमार अग्रवालको अध्यक्षतामा आयोजित सो कार्यक्रममा सहभागी उद्योगी-व्यवसायीले कर असुली वा कर दाखिलाको झन्झटिलो प्रक्रियाले साना तथा कम जानकार उद्योगी-व्यवसायी बढी मारमा परेको गुनासो गरेका थिए ।

महानिर्देशक दाहालले उद्योगी-व्यवसायीहरुको तर्फबाट गहन सुझाव प्राप्त भएको भन्दै आएका सुझावहरुलाई आगामी बजेटका सन्दर्भमा विभिन्नस्तरमा हुने छलफलमा आफूले प्रस्तुत गर्ने र सुझावहरु सम्बोधन हुने गरी बजेट तर्जुमाका लागि आफूले पहल गर्ने बताए ।

सो अवसरमा दाहाललाई आन्तरिक राजश्व विभागको महानिर्देशक नियुक्त भएकोमा बधाइ-शुभकामनासहित सम्मान गरिएको थियो । महानिर्देशक दाहाललाई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संघ केन्द्रीय समिति, झापा कार्यसमितिसहित, अडिटर्स एशोसिएसन अफ झापा, झापा उद्योग संघ, नेपाल अलैची व्यवसायी महासंघ, मेची डिस्ट्रिव्यूटर्स एशोसिएसन, क्लाइन्ट एशोसिएसन अफ झापा, मेची उद्योग वाणिज्य संघ, नेपाल भेनियर उत्पादक संघ, प्लाइउड उद्योग संघ, मारवाडी सेवा समिति विर्तामोड, भद्रपुर मारवाडी संघलगायतले मायाको चिनो प्रदान गर्दै सम्मानपत्रद्वारा सम्मान गरेका थिए ।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशका निवर्तमान अध्यक्ष टिकाराज ढकाल, नेपाल चाटर्ड एकाउन्टेन्ट्स संघ केन्द्रीय अध्यक्ष अरूण राउतलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । नेपाल अडिटर्स एशोसिएसन अफ झापाका अध्यक्ष पर्शुराम वुढाथोकीले स्वागत गरेको कार्यक्रमको सञ्चालन व्यवसायी शिवकुमार अग्रवालले गरेका थिए ।

# निचाझोडा सामुदायिक वनमा लाग्यो निर्वाचन

बिर्तामोड(प्रस) । बिर्तामोड ७ मा रहेको सुन्दर निचाझोडा गोलधाप सामुदायिक वनमा निर्वाचन लागेको छ । वन उपभोक्ता समितिको नयाँ नेतृत्व चयनका लागि दुईवटा प्यानलले उम्मेद्वारी दिने भएका छन् । बैशाख ४ गते हुन लागेको निर्वाचनको लागि एउटा प्यानलले शनिवार उम्मेदवारी घोषणा गरेको छ ।नेकपा एमालेले सूर्य भट्टराईको अध्यक्षतामा प्यानल बनाएको छ । निर्वाचन प्रचार प्रसार समितिले एक कार्यक्रमका बीच अध्यक्षमा भट्टराईलाई उम्मेदवार घोषणा गरेको हो । उनको प्यानलमा उपाध्यक्षमा कुलप्रसाद साँवा, सचिव सृष्टि राई, सहसचिव लक्ष्मीप्रसाद पौडेल र कोषाध्यक्षमा नैनकला गुरागाईलाई उम्मेदवार घोषणा गरिएको छ ।

यस्तै, सदस्यहरुमा टोल नं. १ बाट खड्गप्रसाद प्रधान, रिता चौधरी, २ बाट भीम सुब्बा, रुपा घिमिरे, ३ बाट भीम अधिकारी, रञ्जु बराल, ४ बाट मनकुमार लिम्बू, सीतादेवी बस्नेत र ५ बाट प्रमिला घिमिरे, रिता खनाललाई उम्मेदवार घोषणा गरिएको छ ।

खुल्ला सदस्यमा पार्वता भुजेल, थलप्रसाद गदाईली (दलित), उर्मिला राई (खुल्ला महिला) र संजय लिम्बू ( खुल्ला पुरुष) उम्मेदवार बनेका छन् ।




हडम मुर्मुको अध्यक्षता तथा कोशी प्रदेश सरकारका मन्त्री एकराज कार्कीको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा नेकपा एमाले बिर्तामोड नगर कमिटीका अध्यक्ष सुवास भट्टराईले उम्मेदवारहरुको नामावली घोषणा गरेका थिए । एमालेले एक्लै निर्वाचन लड्ने गरी उम्मेद्वार घोषणा गरिरहँदा नेकपा माओवादी केन्द्र , नेपाली कांग्रेस र राप्रपाले संयुक्त प्यानल बनाउने भएका छन् । उक्त प्यानलबाट कृष्णप्रसाद लिम्बू अध्यक्षमा उठ्ने भएको बुझिएको छ । आइतवार मनोनयन दर्ता रहेको छ ।

# विदेशबाट फर्केर केरा खेतीमा गिरी

• लक्ष्मी उप्रेती

मेचीनगर । झापा मेचीनगर–८ का ४८ वर्षीय पर्शुराम गिरीको दिनचर्या फेरिएको छ । गिरीले चार वर्षदेखि मेचीनगर–८ मा व्यावसायिक केरा खेती गर्दै आएका छन् । १७ वर्षसम्म वैदेशिक रोजगारीको जीवन र त्यसपछि पनि विदेशबाट आकर्षक अवसर आए पनि यसलाई त्याग्दै उनी २०७८ सालदेखि व्यावसायिक रूपमा केरा खेतीमा लाग्दै आएका छन् ।



उत्पादन बढी, छिटो आम्दानी र लागत कम हुने भएकोले पछिल्लो समय आफ्नो केरा खेतीतर्फ आकर्षण बढेको उनले प्रतिक्रिया दिए । उनले अहिले १५ कठ्ठा जग्गामा व्यवसायिकरुपमा विदेशी 'जि –नाइन' जातका केरा खेती गरेका छन् । व्यवसायिकरुपमा केरा खेती गर्नकै लागि अहिले ५ विगाह जमिनको खोजीमा आफू रहेको गिरीले बताए ।

'विदेशबाट आएर कुखुरा पाले, बर्डफ्लूले सवै मरे लगानी जति स्वाहा भयो, त्यसपछि ६ वटा होलिस्टन जातका गाईपालन शुरु गरे आर्थिकरुपमा धेरै नोक्सान व्यहोरे, धान खेती गरे लगानीभन्दा आम्दानी कम भएर घाटा भयो' गिरीले भने ' पछिल्लो समय अरुले केरा खेतीबाट गरेको आम्दानी देखे र मैले पनि शुरु गरे अहिले यसबाट आम्दानी चित्तबुझ्दो र मनग्य छ , म सन्तुष्ट छु ।' साउनदेखि मंसिरसम्म केराको राम्रो उत्पादन हुने समय हो । यो समयमा अत्यधिक केरा उत्पादन हुने गिरीको भोगाइ छ । खर्चिलो धान खेतीको विकल्पको रुपमा आफूले केराको खेती लगाउन थालेको बताए ।

१५ कठ्ठामा लगाएको केरा खेतीबाट एक सिजनमा सवै खर्च कटाएर २ लाख रुपैयाँ आम्दानी हुने उनको भनाइ छ । '१५ कठ्ठा जग्गामा लगाएको धान उत्पादनले १० हजार रुपैयाँ हात पर्दथ्यो, त्यति नै जग्गामा उत्पादन गरेको केराले ३ लाख रुपैयाँ हात पर्छ, १ लाख सवै खर्च कटाउँदा २ लाख चोखो आम्दानी हुन्छ ' गिरीले थपे । आफ्नो बारीमा उत्पादन हुने केराले जिल्लाको मुख्य बजारसहित स्थानीय बजारसम्ममा खरिद बिक्री हुने गरेको गिरी बताउँछन् । ५ सयदेखि ७ सयसम्म प्रतिघरी केरा उनको बारीबाटै खरिद विक्री हुने गरेको छ ।

केराको व्यवसायिक खेतीबाट मनग्ये आम्दानी भएका कारण अब तुरुन्तै १० विगाह जग्गा खरिद गरी केरा खेतीलाई विस्तार गर्ने योजनमा उनी छन् ।अहिले बारीमै स्थानीयदेखि विदेशी व्यापारीले प्रतिगोटा सात रुपैयाँका दरले काँचो केरा खरिद गरेर लाने गरेका छन । प्रतिफल राम्रै पाएकाले अझै विस्तार गर्ने योजनामा रहेको गिरीको भनाइ छ । 'उमेरमै विदेसिएँ, अहिले यही माटोमा पसिना बगाउन थाले केरा खेती गरिरहेको छु, विदेशमा १० घण्टा बगाउने पसिना यहाँ चार-पाँच घण्टा मेहनत गर्ने हो भने कृषिबाट नै राम्रो मनग्य गर्न सकिने रहेछ' गिरीले सुनाए । उनले गरेको व्यावसायिक केरा खेतीमा परिवारले समेत सघाउने गरेका छन् । उनी आफैं पनि पूर्ण रूपमा काममा लागेका छन् । अहिले केरा खेतीबाट मेहनत अनुसारको आम्दानी हुन थालेपछि उनलाई सन्तुष्टि दिलाएको छ ।

अहिले उनले बारीमा ६०० बोट केरा लगाएका छन् । केरा खेतीमा व्यवसायिक ज्ञान र दक्ष प्राविधिक नहुँदा समस्या व्यहोर्नुपर्ने उनको भनाइ छ । उनले केरा खेतीमा प्रोत्साहन गर्न राज्यबाट दिइने अनुदान, बजारीकरण सहज र कृषि विमा समेत हुने कारणले पनि यसतर्फ आफू जस्ता थुप्रै किसानको आकर्षण बढेको सुनाए । समयमा बीउ, मल नपाउनु, सिँचाइको अभाव, कामदार नपाउनु जस्ता समस्याले केरा खेती गर्ने किसानले दुःख पाउने गरेको उनको अनुभव रहेको छ ।

पर्याप्त सिँचाइ नभएकाले थोपा सिँचाइबाट खेती गरेको किसानहरुको भनाइ छ । कुनै वर्ष हावाहुरी तथा गभारा लाग्ने कारण केरा उत्पादनमा केही क्षति भोग्न परे पनि पछिल्लो समय केरा खेतीले व्यापकता पाएको छ भने यसबाट हुने आम्दानीले आफूसहित थुप्रै कृषकलाई झन् उत्साहित बनाएको गिरीको भनाइ छ ।

सिँचाइ, हावाहुरी र कीरा केरा खेतीको मुख्य समस्या रहेको उनको भनाई छ । रोग लागेन र हावाहुरीले क्षति पुगेन भने यसबाट राम्रो आम्दानी लिन सकिन्छ । छिटो आम्दानी गर्न सकिने, अनुकूल हावापानी र वातावरण, सिँचाइ, बजारको सुविधासमेत रहने भएकाले पनि आफूमात्र नभएर झापाका थुप्रै मानिस व्यावसायिक केरा खेतीतर्फ आकर्षित भएको उनले बताए ।

कृषि ज्ञान केन्द्र झापाका अनुसार जिल्लामा

❖ बाँकी अन्तिम पृष्ठमा


**डा. प्रेम ब. शाही, MS, FISS**
वरिष्ठ विशेषज्ञ - हाड, जोर्नी, नशा, मेरुदण्ड रोग /सर्जन
समय: सोमबार देखि विहिबारसम्म, २ बजे देखि

**डा. दिपायन पाण्डे, MD**
वरिष्ठ विशेषज्ञ - छाला, यौन, कपाल, सौन्दर्य, कुष्ठरोग
समय: प्रत्येक विहिबार, स्किन हस्पिटल, दमकबाट

**डा. आलोक झा, MD**
वरिष्ठ विशेषज्ञ - मानसिक, नशा तथा मनोरोग
समय: प्रत्येक महिनाको पहिलो शनिबार, कोशी हस्पिटल, विराटनगरबाट

**डा. केशव कु. मण्डल, MD**
वरिष्ठ विशेषज्ञ - नवजात शिशु तथा बाल रोग विशेषज्ञ
समय: दैनिक सेवा, विहान १० बजे देखि

**डा. धिरज ताम्रकार, MD / डा. आनन्द देव, MD**
वरिष्ठ फिजिसियन /इन्टरनल मेडिसिन
समय: दैनिक सेवा

**डा. विकाश जैशी, MD, DM**
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर) पेट, जन्डिस, हेपटाईटिस् रोग तथा कलेजो प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको अन्तिम आईतबार, विर हस्पिटल, काठमाडौंबाट

**डा. अच्युत भक्त आचार्य, MD, DM**
वरिष्ठ विशेषज्ञ - छाति, फोक्सो, दम, श्वासप्रश्वास, एलर्जी, निन्द्रा तथा क्षयरोग/ पल्मोनोलोजिष्ट
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, नर्भिक हस्पिटल काठमाडौंबाट

**डा. विवेक कट्टेल, MD, FRCI**
वरिष्ठ विशेषज्ञ - बाथरोग, संक्रमण रोग तथा फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शनिबार, न्यूरो हस्पिटल विराटनगरबाट

**डा. निशान भुर्तेल, MD, DM**
वरिष्ठ विशेषज्ञ - मृगौला (किड्नी) रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, सिभिल हस्पिटल काठमाडौंबाट

स्वास्थ्य सेवामा तपाई सँगै
**जिवनरक्षा बिर्तामोड**
पोलिक्लिनिक एण्ड डायग्नोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (भद्रपुरबसस्टेण्ड अगाडि)
जानकारी तथा नाम दर्ताका लागि सम्पर्क
023-591566 (Reception), 023-531242 (Pharmacy)
9807923352 / 9817094601
विशेषज्ञ OPD सेवा/प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/डिजिटल एक्स-रे
ECG/ EEG/NCT/PFT/फार्मेसी
खुल्ने समय: विहान ७ बजे देखि बेलुकी ७ बजे सम्म

**डा. धर्मागत भट्टराई, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल रोग, इम्युनोलोजी (रोग प्रतिरक्षा), एलर्जी, बाल बाथजन्यरोग र बाल बोनम्यारो मेडिसिन विज्ञ
समय: प्रत्येक महिनाको अन्तिम शुक्रबार र शनिबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. उत्कर्ष कार्की, MD, DM**
वरिष्ठ विशेषज्ञ - बालबालिका किशोरकिशोरी नशा तथा मानसिक रोग /बाल मनोचिकित्सक
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार र शनिबार, कान्ति बाल हस्पिटल, काठमाडौंबाट

**डा. सन्तोष मिश्र, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल नशा मस्तिष्क, मेरुदण्ड, अटिजम, टाउको रोग /बाल न्यूरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**डा. दिलिप न्यौपाने, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल पेट, ग्याष्ट्रिक, आन्द्रा, प्यान्क्रियाज, कुपोषण, तथा कलेजो रोग /बाल ग्याष्ट्रोइन्टेरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**प्रा. डा. गौरवराज ढकाल, MS, FISS**
वरिष्ठ विशेषज्ञ - मेरुदण्ड (स्पाइन), नशा, ढाँड, गर्धन, कम्मर रोग /स्पाइन सर्जन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. पुरूषोत्तम पराजुली, MS, MCh**
वरिष्ठ विशेषज्ञ - पिसाब, प्रोस्टेट, मुत्रनलि, पत्थरी तथा मुत्र रोग /युरोलोजिष्ट
समय: प्रत्येक महिनाको तेस्रो शनिबार, न्यूरो हस्पिटल, विराटनगरबाट

**डा. अपार पोखरेल, MS, FIPE**
वरिष्ठ विशेषज्ञ - नाक, कान, घाँटी रोग /बाल तथा वयस्क ENT सर्जन
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, सिभिल हस्पिटल, काठमाडौंबाट

**डा. हरिशंकर प्र. यादव, MD, FIEM**
वरिष्ठ विशेषज्ञ - मधुमेह (सुगर), थाइराईड, हर्मोन रोग
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, विराटनगरबाट

# जिल्ला सहकारी संघको निर्वाचन शुरु

झापा(प्रस) । आगामी चार वर्षे कार्यकालका लागि झापा जिल्ला सहकारी संघको नयाँ नेतृत्व चयन प्रक्रिया सुरु भएको छ।
जिल्ला संघको बिर्तामोडस्थित सम्पर्क कार्यालयमा शनिवार भएको मनोनयन दर्ता कार्यक्रममा जिल्ला संघको पदमा तीन जनाको उम्मेदवारी परेको छ। भवानीप्रसाद दंगाल, युवराज गिरी र लक्ष्मीप्रसाद बास्कोटाले सचिव पदमा उम्मेदवारी दर्ता गराएका छन्। सहसचिव एकजनाका लागि टसबहादुर श्रेष्ठ र विनोद ढकालको उम्मेदवारी परेको छ




अध्यक्ष पदमा हालका उपाध्यक्ष प्रेमकुमार कोइरालाको मात्र उम्मेदवारी दर्ता भएको छ। यसैगरी वरिष्ठ उपाध्यक्षमा दुर्गाप्रसाद सापकोटाको मात्र उम्मेदवारी दर्ता भएको छ।

निर्वाचन समितिले प्रकाशन गरेको उम्मेदवारहरूको पहिलो नामावली विवरणअनुसार एकजना खुल्ला उपाध्यक्ष पदमा तीनजनाको र एकजना महिला उपाध्यक्ष पदमा दुई जनाको उम्मेदवारी परेको छ। जस अनुसार खुल्ला उपाध्यक्ष पदमा नारायणप्रसाद भट्टराई, डिल्ली दाहाल र अर्जुनकुमार दङ्गाल तथा महिला उपाध्यक्षमा देवी निरौला बस्नेत र चन्द्रकला अधिकारीले मनोनयन दर्ता गराएका छन्।
जिल्ला संघको एकजना सचिव भने एउटा कोषाध्यक्ष पदमा केशवप्रसाद बस्नेतको मात्र उम्मेदवारी दर्ता भएको छ। उम्मेदवारहरूको प्रथम सूची अनुसार अध्यक्ष वरिष्ठ उपाध्यक्ष र कोषाध्यक्ष निर्विरोध निर्वाचित भएको बुझ्न सकिन्छ।
सञ्चालक समिति सदस्य ४ जना महिला अनिवार्य हुनेगरी ७ जनाका लागि उम्मेदवारी दर्ता गर्दा चारजना महिला सञ्चालक सदस्य पनि निर्विरोध निर्वाचित भएका छन्। तर खुल्ला तीन जनाका लागि छ जनाले मनोनयन गराएको प्रथम नामावली सूचीमा उल्लेख छ।

निर्विरोध भएका महिला उम्मेदवारहरूमा बिन्दाकुमारी थापा, नीलाकुमारी दाहाल, पुष्पा चौलागाईं अधिकारी र संगीता गजुरेल रहेका छन्। यता खुल्ला सदस्य पदमा चाहिँ प्रेमसागर सापकोटा, ढुण्डिराज गुरागाई, कृष्ण पौडेल, चक्रबहादुर लिम्बू, नारायणप्रसाद गौतम र काशीनाथ घिमिरेको मनोनयन दर्ता भएको छ।
संघीय निर्वाचन क्षेत्र अनुसारका पाँचजना क्षेत्रीय सदस्यहरूमा क्षेत्र नम्बर १ बाट देवीमाया अधिकारी निर्विरोध निर्वाचित भएकी छन्। क्षेत्र नम्बर २ बाट युवराज गौतम र लवकुमार चौधरीले मनोनयन दर्ता गरेका छन्।

यस्तै क्षेत्र नम्बर ३ मा क्षेत्रीय सदस्यका लागि हरिकृष्ण अधिकारीको मात्र मनोनयन दर्ता भएको छ भने क्षेत्र नम्बर ४ बाट तिलकप्रसाद सिंह राजवंशीको मनोनयन दर्ता भएको छ। उनीहरू दुवै निर्विरोध भएका छन्।
क्षेत्र नम्बर ५ बाट सदस्य पदमा पदम लिम्बू लिङदेन र वीरेन्द्र पोखरेलको मनोनयन दर्ता भएको छ।

संघको लेखा सुपरीवेक्षण समितिमा आठौं कार्यकालका लागि पनि महिला सदस्यमा उम्मेदवारी परेन । तर संयोजकमा वर्तमान संयोजक चडामणि ओझा र पूर्व सञ्चालक खडानन्द गुरागाईंले उम्मेदवारी दर्ता गराएका छन् । यस्तै सदस्य पदमा मिलन आचार्य र राजेन्द्रप्रसाद रिजालले मनोनयन दर्ता गराएका छन्।
जिल्ला सहकारी संघमा सत्तारुढ नेकपा एमाले र नेपाली कांग्रेसले भागवन्डा गरी उम्मेद्वारी दिएको बताइएको छ ।

# भीमनारायण गोल्डकपको उपाधि नमोबुद्ध सप्तरीलाई

झापा(प्रस) । १७ औं संस्करणको सहिद भीमनारायण गोल्डकपको उपाधि नमोबुद्ध फुटबल क्लब सप्तरीले हात पारेको छ । गाईघाट फुटबल क्लब उदयपुरलाई शनिबार अपराह्न फाइनल खेलमा टाइब्रेकरबाट ५-३ गोलअन्तरले पराजित गर्दै सप्तरीले उपाधि उचालेको हो ।
भीमनारायण गोल्डकपको १७ वर्षे दौरानमा पहिलो पटक सहभागी भएका दुवै टिम फाइनलमा भेट भएका हुन् । तल्लो टुँडिखेलमा अपराह्न भएको अत्यन्तै प्रतिस्पर्धात्मक खेलमा ९० मिनेटको निर्धारित अवधिमा २-२ को बराबरी भएपछि खेल टाइब्रेकरको आधारमा छिनोफानो गरिएको थियो ।
पहिलो हाफको अन्तिम क्षणमा दुवै टिमबीच पाँच मिनेटको अवधिमा आलोपालो तीन गोल भयो । गाईघाटविरुद्ध सप्तरीका राज भुसालले ४० औं मिनेटमा गोल गर्दै टिमलाई अग्रता दिलाए । तर, गाईघाटले सप्तरीलाई बदला लिन एक मिनेट मात्र कुर्नु पर्‍यो । ४१ औं मिनेटमा गाईघाटका आकाश राईले गोल गर्दै बराबरीमा पुर्‍याए । पुनः सप्तरीका तर्फबाट ४४ औं मिनेटमा क्षितिज भण्डारीले उत्कृष्ट प्रहार गर्दै अग्रता कायम गर्न सफल भए । गाईघाटलाई बराबरी गर्न मध्यान्तरपछि अन्तिम ८३ औं मिनेटसम्म कुर्नु पर्‍यो । आशिष राईको गोलसँगै खेल बराबरीमा टुंगिएपछि नतिजाको छिनोफानो टाइब्रेकरबाट भयो ।
सप्तरीको जितका लागि विवेक राई, हेमन्त भुजेल, सनम धिमाल र आयुष मगरले गोल गर्न सफल भए । गाईघाटका तर्फबाट निश्चल मोक्तान, आकाश राई र प्रविण राईले मात्र गोल गर्न सफल भए । धिरेन क्षेत्रीको गोल विपक्षी सप्तरीका गोलरक्षक रविन बस्नेतले उत्कृष्ट बचाउ गर्दै टिमलाई उपाधि दिलाए ।
दुवै टिमले यस अघिका प्रतियोगितामा उपाधि उचालिसकेका दाबेदार टिमलाई पाखा लगाउँदै फाइनल यात्रा तय गरेका थिए । नमोबुद्ध फुटबल क्लबले डिफेन्डिङ च्याम्पियन बिर्तामोड युनाइटेड क्लबलाई सेमिफाइनलमा पराजित गर्दै फाइनल प्रवेश गरेको थियो । यसैगरी, विभागीय टिम एपीएफ फुटबल क्लबलाई स्तब्ध पार्दै गाईघाट फुटबल क्लब फाइनल पुगेको थियो । प्रतियोगिताका विजेता नमोबुद्ध सप्तरीले नगद ५ लाख र उपविजेता गाईघाटले २ लाख ५० हजार रुपैयाँसहित ट्रफी मेडल, कप, प्रमाणपत्र हात पारे । प्लेयर अफ दि टुर्नामेन्ट विजेता टिमका राज भुसाल घोषित भएसँगै नगद १७ हजार ५ सय ५५ बाट पुरस्कृत भए । फाइनलको प्लेयर अफ द म्याच र सर्वोत्कृष्ट गोलरक्षकबाट सप्तरीका रविन बस्नेत पुरस्कृत भए । बेष्ट डिफेन्डर विजेता टिमका आयुष मगर घोषित भए । वेष्ट मिडफिल्डर सप्तरीका विवेक राई, वेष्ट फरवार्ड गाईघाटका विदेशी खेलाडी फोफोना र राईजिङ प्लेयर आयोजक धनकुटा टिमका दिपेन शाक्य घोषित भए । वेष्ट कोचको उपाधि विजेता टिमका सुरेश लामा घोषित भएका छन् । सबैले नगद पुरस्कार प्राप्त गरे ।
विजेता टिमलाई धनकुटाका नगरपालिका प्रमुख चिन्तन तामाङ र सहिद भीमनारायणका पुत्र मनोहरनारायण श्रेष्ठले ट्रफी तथा पुरस्कार प्रदान गरे । यस्तै, उपविजेता गाईघाटलाई पाख्रिबास नगरपालिकाका प्रमुख ज्ञानबहादुर गुरुङ, धनकुटा नगरपालिका उपप्रमुख हिमादेवी खनाल लगायतले वितरण गरे ।

# मोटरसाइकल दुर्घटनामा सन्थाल दम्पतीको मृत्यु




झापा(प्रस)।मोरङमा दुर्घटनामा परी एक दम्पतीको मृत्यु भएको छ ।
रतुवामाई नगरपालिका-६ त्रिभुवन चोकस्थित आमबारी भित्री सडक खण्डमा शुक्रवार राति मोटरसाइकल दुर्घटना हुँदा श्रीमान-श्रीमतीको मृत्यु भएको मोरङ ट्राफिक प्रमुख इन्स्पेक्टर राजन लम्सालले जानकारी दिए।
दुर्घटनामा मोटरसाइकल चालक रतुवामाई नगरपालिका-१ कल्याणपुरका सोम टुडू र पछाडि सवार उनकी श्रीमती वामनी हेमरमको मृत्यु भएको लम्सालले बताए । लम्सालका अनुसार राति १०:१० बजेतिर आमबारीबाट उर्लाबारीतर्फ आउँदै गरेको को ९ प ७२९५ नम्बरको मोटरसाइकल आफैं अनियन्त्रित भएर बिजुलीको पोलमा ठोक्किएर दुर्घटना भएको हो।
दुर्घटनामा परेर गम्भीर घाइते भएका दम्पतीलाई स्थानीयले उद्धार गरेर उपचारका लागि रंगेली अस्पताल पठाएका थिए ।
उनीहरुको उपचारकै क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ। शवलाई पोस्टमार्टमका लागि रंगेली अस्पतालमा राखिएको इलाका प्रहरी कार्यालय सिजुवाले जनाएको छ।
यता इलामको रोङमा कारको ठक्करबाट स्कुटी चालक घाइते भएका छन् ।
शुक्रवार राति ८:३० बजे रोङ वडा नं. ३ शिवालय चौकस्थित मेची राजमार्गमा झापाबाट इलामतर्फ जाँदै गरेको मे ११ प ४२१७ नं.को स्कुटीलाई सोही दिशाबाट जाँदै गरेको डब्लुबी ७७ बी ०४०५ नम्बरको कारले साईड दिने क्रममा ठक्कर दिएको थियो । दुर्घटनामा स्कुटी चालक रोङ वडा न.४ बाघखोर बस्ने ४५ वर्षीय लोकबहादुर राई घाइते भएका छन् ।
घाइतेलाई उपचारको लागि बिर्ता सिटी अस्पताल बिर्तामोड ल्याइएको छ । स्कुटी, कार र कार चालक भारत पश्चिम बंगाल लिम्सेबुङ -७ बस्ने ३७ वर्षीय बिमल भट्टराईलाई प्रहरी चौकी हर्कटेले नियन्त्रणमा लिएको छ ।

# रोहितको कप्तानीमा नेपाली टोली हङकङ जाने




झापा(प्रस)।नेपालले हङकङमा हुने चार देशीय ट्वान्टी-२० क्रिकेट प्रतियोगिताका लागि शनिबार रोहित पौडेलको कप्तानीमा १४ सदस्यीय अन्तिम टोलीको घोषणा गरेको छ । प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगिता सकिएलगत्तै नेपाली टोलीको बन्द प्रशिक्षण भैरहवामा भइरहेको छ र त्यही आधारमा राष्ट्रिय टोलीको छनोट गरिएको छ । छनोट भएका अन्य खेलाडीमा आसिफ शेख, कुशल भुर्तेल, लोकेश बम, बसिर अहमद, दीपेन्द्रसिंह ऐरी, कुशल मल्ल, गुलशन झा, सोमपाल कामी, करण केसी, नन्दन यादव, ललित राजवंशी, शाहव आलम र रिजन ढकाल छन् । बसिरले २ र नन्दनले ३ वर्षपछि राष्ट्रिय टोलीमा पुनरागमन गरेका हुन् । प्रतियोगितामा नेपालले बुधबार कतार, बिहीबार कुवेत र आउँदो शनिबार हङकङसँग खेल्दै छ ।
भैरहवामा नेपाली टोलीलाई ज्ञानेन्द्र मल्लले प्रशिक्षण दिँदै आएका छन् । नेपाल क्रिकेट संघ (क्यान) ले अघिल्लो साता राष्ट्रिय टोलीको प्रशिक्षकमा अस्ट्रेलियाका स्टुवार्ट ललाई छनोट गरेको थियो ।

# वशिष्ठ भण्डारी समाजको अध्यक्षमा 'मार्सेली'

झापा(प्रस) । वशिष्ठ भण्डारी समाजको केन्द्रीय अध्यक्षमा कृष्णप्रसाद भण्डारी 'मार्सेली' निर्विरोध निर्वाचित भएका छन् । वशिष्ठ भण्डारी समाज केन्द्रीय कार्यसमितिको १६ औं वार्षिक साधारण सभाबाट 'मार्सेली' अध्यक्षमा निर्विरोध निर्वाचित भएका हुन् ।

कन्काई नगरपालिका ४ कोटीहोममा भएको अधिवेशनले नयाँ नेतृत्व चयन गरेको हो । अध्यक्षमा निर्वाचित 'मार्सेली' संस्थापक मध्ये एक हुन् । सहसचिव , सचिब , उपाध्यक्ष र वरिष्ठ उपाध्यक्षमा निरन्तर काम गरेका 'मार्सेली' ३२ वर्षको निरन्तरतापछि निर्विरोध अध्यक्ष चुनिएका हुन् ।
त्यस्तै समाजको वरिष्ठ उपाध्यक्षमा घनश्याम भण्डारी, उपाध्यक्षमा किशोर भण्डारी ,



हरिप्रसाद भण्डारी, राजन भण्डारी, देवराज भण्डारी, इन्द्रलाल भण्डारी, गंगाराम भण्डारी र कमलादेवी घिमिरे भण्डारी चयन भएका छन् । त्यस्तै महासचिवमा जयप्रसाद भण्डारी निर्विरोध निर्वाचित भएका छन् । उनी यसअघि पनि महासचिव थिए । सचिवमा आनन्दकुमार भण्डारी र सहसचिवमा रघुनाथ भण्डारी ,कोषाध्यक्षमा चेतना निरौला भण्डारी तथा सह कोषाध्यक्षमा देवेन्द्र भण्डारी चयन भएका छन् ।
समाजको सदस्यमा पुरुषोत्तम भण्डारी , हरिप्रसाद भण्डारी, दुर्गादेवी गौतम भण्डारी,कल्पना भण्डारी,मुक्तिप्रसाद भण्डारी, कृष्णप्रसाद भण्डारी, रूपनारायण भण्डारी ,टुङ्गनाथ भण्डारी र भोजराज भण्डारी निर्विरोध चयन भएका हुन् । कोशी प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री रेवतीरमण भण्डारीको प्रमुख आतिथ्यमा अधिवेशन प्रेमचन्द्र भण्डारीको अध्यक्षतामा भएको थियो ।
अधिवेशनले समाजको बार्षिक प्रगति , आर्थिक प्रतिवेदन पारित गर्दै आगामी वर्षका लागि योजना स्वीकृत गरेको छ ।

२०४६ मा कोटीहोम माईमा श्रीमद्भागवत ज्ञान महायज्ञ लगाएर संगठित भएको भण्डारी समाज २०५१ मा जिल्ला प्रशासन कार्यालयमा विधिवत दर्ता भएको थियो ।
अधिवेशनमा मन्त्री भण्डारीसहित नेपाल पत्रकार महासंघका संस्थापक महासचिव चन्द्र भण्डारीले बन्धु एकता र महत्वपूर्ण दस्तावेज बंशावलीका बारेमा प्रकाश पार्दै विभिन्न सुझाव दिएका थिए ।

# तीनकुने घटनाको लागि न्यायिक छानबिन समिति बन्दैन-खरेल




झापा(प्रस) । पूर्वमन्त्री एवं प्रधानमन्त्रीका मानव अधिकार तथा संक्रमणकालीन न्यायसम्बन्धी सल्लाहकार अग्नी खरेलले तीनकुने घटनाको लागि न्यायिक छानबिन समिति गठन नहुने बताएका छन् ।
तीनकुने घटनाको निष्पक्ष छानबिन गर्नका लागि राष्ट्रिय प्रजातन्त्र पार्टीले न्यायिक छानबिन समिति गठनको माग गरिरहेको सम्बन्धमा उनले त्यस्तो न्यायिक समिति नबन्ने बताएका हुन् । बिर्तामोडस्थित नेकपा एमालेको जिल्ला पार्टी कार्यालयको सभाहलमा प्रेस चौतारी झापाले शनिवार आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै पूर्वमन्त्री खरेलले तीनकुने घटनाको सरकारी संयन्त्रहरुले निष्पक्ष छानबिन गर्ने बताए । नेता खरेलले तीनकुने घटना अत्यन्तै हिंस्रक र अराजक भएकोले सरकारले यसलाई गम्भीरतापूर्वक लिएको भन्दै सरकारको तयारी राम्रो हुँदाहुदै पनि आन्दोलनकारीहरु अनियन्त्रित भई प्रहरीको ब्यारिकेट तोडेर निषेधित क्षेत्रमा प्रवेश गर्न खोजेपछि मात्र प्रहरीले बल प्रयोग गरेको दाबी गरे ।
राजतन्त्रको आन्दोलनका क्रममा भएको तीनकुने घटनाको जिम्मेवारी पूर्वराजा ज्ञानेन्द्र शाहले जिम्मेवारी लिनु पर्ने भन्दै उनले उक्त घटनाप्रति अहिलेसम्म कुनै पनि प्रकारको बिज्ञप्ति सार्वजनिक नहुनु, दुःख ब्यक्त नगर्नु बिडम्बना भएको प्रतिक्रिया दिए ।

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रबि लामिछानेलाई अदालतको आदेशमा प्रहरीले पक्राउ गरेको भन्दै अनावश्यक टिप्पणी गर्न नहुने खरेलको भनाई थियो । प्रेस चौतारी झापाका अध्यक्ष प्रदिप परियारको अध्यक्षतामा भएको पत्रकार सम्मेलनमा नेकपा एमालेका झापा जिल्ला इन्चार्ज रोमनाथ ओली, जिल्ला अध्यक्ष प्रेमबहादुर गिरीको पनि उपस्थिति रहेको थियो ।

# पाथीभरा माताको मन्दिरमा आगलागी



झापा(प्रस) । सुनसरी इटहरी उपमहानगरपालिका-२ बरगाछी बस्ने गोपाल परियारले आँगनको उत्तरपट्टी संचालन गरेको पाथीभरा माताको मन्दिरमा आगलागी भएको छ ।
शनिवार बिहान अन्दाजी ४:१५ बजे एकतले पाथीभरा माताको मन्दिरमा बालेको दियोबाट आगो सल्किएको हो । आगलागीबाट मन्दिर, मन्दिरभित्र रहेको सुन अन्दाजी २ तोला , चादी १.५ किलोग्राम, नगद अन्दाजी १ लाख र मूर्तिलगायत गरी अन्दाजी ९ लाख बराबर क्षति भएको प्रहरीले जनाएको छ ।
प्रहरी चौकी तरहराबाट खटिएको प्रहरी टोली, स्थानीय र दमकलको सहयोगमा उक्त आगलागी बिहान ४.४५ बजे पूर्णरुपमा नियन्त्रणमा आएको थियो

# स्नुकर प्रतियोगिताको उपाधि गजमेरलाई




बिर्तामोड(प्रस) । बिर्तामोडमा आयोजित प्रथम बिर्तामोड च्याम्पियनसीप स्नुकर प्रतियोगिताको उपाधि आकाश गजमेरले सुरक्षित गरेका छन् ।
बिर्तामोडका आकाश गजमेरले कनकाई नगरपालिकाका विशाल तामाङलाई पराजित गर्दै पहिलो संस्करणको च्याम्पियन बनेका हुन् । आकाशले ६-१ को सोझो सेटमा विशाललाई पराजित गरेका हुन् । फाइनल खेल बेस्ट अफ इलिभेन फर्मेटमा सञ्चालित थियो ।
बिर्तामोड नगर खेलकुद विकास समितिले आयोजना गरेको प्रतियोगितामा आकाशले ४० जना प्रतिस्पर्धीलाई पछि पारेर उपाधिसँगै नगद २५ हजार र ट्रफी पाए । उनी हाइएस्ट ब्रेक (४८) बन्दै थप नगद ५ हजार र ट्रफी जित्न सफल भए ।रनरअप बनेका विशालले नगद ११ हजार र ट्रफीमा चित्त बुझाए । विजेता तथा उपविजेता दुवै जनालाई बिर्तामोड नगरपालिकाका कार्यवाहक प्रमुख नगेन्द्रप्रसाद संग्रौला, आयोजक समितिका अध्यक्ष विकास गिरी, बिर्तामोड ४ का वडाध्यक्ष राहुल शर्मा, बिर्तामोडका व्यवसायी सुवास भट्टराई, झापा जिल्ला बास्केटबल संघका अध्यक्ष प्रकाश लिङ्देन, खेल संयोजक विशाल अग्रवाल, बिर्तामोड स्नुकरका खेमराज बुढाथोकी, नवल अग्रवाललगायतले पुरस्कार प्रदान गरेका थिए ।
बिर्तामोड ४ नम्बर वडा खेलकुद विकास समिति सहआयोजक तथा बिर्तामोड स्नुकरको समन्वयमा आयोजित स्नुकर प्रतियोगितालाई आगामी वर्ष पनि निरन्तरता दिइने खेल संयोजक विशाल अग्रवालले जनाएका छन् ।
बिर्तामोडमा पहिलो पटक आयोजना गरिएको जिल्लास्तरीय प्रतियोगिता सम्पन्न गर्न १ लाख ८० हजार खर्च हुने अनुमान गरिएको छ । पुरस्कार वितरण कार्यक्रमको सञ्चालन नगर खेलकुद विकास समितिका सदस्य रमेश उप्रेतीले गरेका थिए ।

## विदेशबाट...

एक हजार ८९० हेक्टरभन्दा बढी जमिनमा व्यवसायिक उन्नत जातको केरा खेती भइरहेको छ । जिल्लाको भद्रपुर नगरपालिका, झापा र गौरीगञ्ज, बाह्रदशी, कचनकवल गाउँपालिकालगायतका क्षेत्रमा केराको व्यवसायिक खेती भइरहेको केन्द्रले जनाएको छ । यहाँका किसानहरुले सुरुमा चिनीचम्पा, मालभोक, इजरायली प्रजातिको केरा खेती गर्दै आएका थिए । तर पछिल्लो समय खाँदा मिठो हुने, ठूला कोशा भएको र उत्पादन समेत बढी हुने हुँदा किसानले जी-नाइन जातका केरा लगाउन थालेको सरकारी अधिकारीहरुको भनाइ छ । पछिल्लो समय युवा जनशक्तिले देशमा अवसर नदेखेर विदेसिने क्रम बढ्दो छ ।

केही युवा स्वदेशमै स्वरोजगारसँगै आम्दानीको क्षेत्र पहिचान गर्न लागिपरेका छन् । यसरी स्वदेशमै पसिना बगाउन चाहने युवालाई राज्यले उचित सहयोग गर्ने हो भने रोजगारीको समस्या नपर्ने समाजशास्त्री किशोरकृष्ण झाको भनाइ छ ।

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

# प्रतिदिन अभिव्यक्ति

कविता

## उनको पर्खाइ !

• सुशिला शर्मा 'शिलु'



घरका शून्य कोठाहरू
मात्र नभएर भान्सादेखि
मानिसका शरीर समेत
केही आभूषणले भरिए
तर
त्यो अतृप्त देह कहिले भरिएन।
सामान मात्र होइन
कोखबाट निकालेर स्याहारेको
मुटुको टुक्रा नै दिइयो
परिस्थितिको कहरमा परेर
सिङ्गो मानिस मात्र होइन
एउटा स्मरणले भरिएको हृदय नै
पठाइयो
सबै बिर्सन र उतैकालाई
आफ्नो बनाउन भनेर तर
एक चौथाइ शताब्दी नै झेलिसक्दा पनि
कहिले तृप्त भएन
कुनै-कुनै एक दुई परा देह र
ओकल्छन्
आफ्ना अतृप्तताहरू
खानाको स्वादमा
हिँडेको चालमा
बोलेको तरिकामा
गरेको परिश्रममा
निभाएको कर्तव्यमा
संस्कारमा, सभ्यतामा
प्रश्न उठेपछि त्यो निरीह
पात्रका कानमा ठोकिन्छन्
उसको आनीबानी
खानदान अनुकूल भएन रे
गरेको कर्म केही नै
भएन रे
र अन्तमा थाहा भयो
नौला नयाँ विदेशी जस्ता
आदि इङ्लिस आदि नेपाली मिसाउने
आदि अङ्ग्रेजी आदि
नेपाली मिसिएको
कपडा लगाउने
आदि जीवन जन्मभूमि
आदि जीवन अन्य राज्यमा
विलासिता खोजेर बिताउने
मानिसहरूका ठुला-ठुला
सुटकेस र चम्किला जुत्ता
ब्रान्डेड घडी
ब्रान्डेड क्रिमहरू
सहितका
आदि नेपाली आदि अङ्ग्रेजी जस्ता
मानिस भेटेपछि त
त्यो लगाएको बेढंगको पहिरन
अनि ढंग नभएका नेपाल र नेपाली
भन्दै राजनीतिक बहस हाँक्ने
ठुला मानिसले
आलिसान महलका सोफा
विदेशी कोसेलीले भरेपछि
दायाँबायाँ आँखीभुइँ हल्लाउँदै
नेपालमा केही सिस्टम रहिनछ
भन्दै भान्सामा दालभात होइन
पिज्जा खोज्ने
रोडमा दुई/चार दिनलाई
प्राइभेट गाडीमा कुद्ने
महामानव वा
अत्यन्त आफ्नो कोही पसेपछि त
संस्कार, सभ्यता
खोज्नेका ओठहरूले
मौनधारण गर्न पुगेछन्।
सायद
सबै दाइजोको कारणले गरेका
विभेदका धेरै वटा चक्रव्यूहमा
जकडिएर पनि जीवन समाप्त
नपारेकी स्थिर आकृतिको
अगाडि समय निर्लज्जताको
तस्बिर लिएर उदाएको छ
आफ्नो र अर्काको हुनु
गरिब र निरीह हुनु
अनि धन र स्वार्थको
सुन्दर मिलनले देखाएको
धमिलो तर कुरूप तस्बिर लिएर
सायद
रातको कालो घुम्टोले छोपेर
यो लज्जित परिवेशबाट मुक्त पाएको
एउटा सुन्दर बिहानको
पर्खाइमा छिन् उनी।

# डिभोर्सीसँग प्रेम!



• अच्युत शाली घिमिरे

अनेकौं परिस्थितिहरूसँग जुध्दै अघि बढेको परिवार मेरो। बुवा सरकारी जागिरे अनि आमा घरकै जिम्मेवारीमा। बहिनी मेरै मार्गदर्शनमा हिँडिरहेकी। परिवारको इज्जत, मान र प्रतिष्ठा आँच आउन नदिन जेनतेन लागिरहेका हामी। छोरा पनि सरकारी जागिरे नै होस् भन्ने बुवाको चाहनालाई शिरमा राख्दै मेहनतले पढेको मान्छे म। जिन्दगीमा सबथोक पुगेकै थियो। कुनै चिच्याहट थिएन। मागेको र चाहेको खाना नाना पुर्याउनु भाकै थियो बाबाले।

पढाइभन्दा अन्त नजर कतै थिएन। सरकारी जागिरे बन्ने नै अन्तिम ध्येय रहन्थ्यो। अनुमति बिनाका माया प्रेमहरू बर्जित थिए। पढाइले ल्याई पुर्याएको सफलता किताबको अन्तिम पाना झैं लाग्थे। जब एउटा सकिन्थ्यो अर्को किताब सुरू हुन्थ्यो। टिलिक्क टल्किएको बाहिरको दुनियाँसँग कुनै आशक्ति थिएन। अध्ययनबाट पाउने सफलता आफ्नै परिश्रमले हासिल गर्ने चिज जस्तै लाग्थ्यो। कहिलेकाहीँ भावनाका झिल्कोहरूले लखेट्थे, स्मृतिमा आई बारम्बार सताउँथे तर उम्केरै छडिन्थ्यो। किनकि निर्णयहरूमा अडिग रहँदै पर्खिनु बाहेकको विकल्प थिएन।

विस्तारै समय चल्दै गयो। अफिसरमा नाम निस्कैरै छाड्यो। नियुक्ति र पदस्थापन गोरखामा हुने भयो। म अब बाआमाको घेराबाट टाढा हुने भएँ। के गर्ने? के नगर्ने? अब आफैले निर्णय गर्नुपर्ने भयो।यसले आफैलाई विस्तारै परिपक्व बनाउँदै थियो भने कता कता अनिर्णयको बोझ पो हुनुपर्ने हो कि भन्दै संशय समेत उत्पन्न गर्थ्यो।

यस्तैमा बसोबासका लागि कोठा खोज्ने क्रममा धेरै दुःख पाइयो। बल्लतल्ल पाएको कोठामा सामान जोड्नै धौधौ पर्यो। ओढ्ने, ओछ्याउने पकाउने खाने सामान जोडियो। बारम्बार घरबाट फोन आउँथ्यो, संगत कस्तो छ? कोठामा वरिपरि कोको बस्छन्? भनेर सोधखोज गर्नुहुन्थ्यो। मलाई अत्तोपत्तो थिएन। काठमाडौंमा हुर्किएको मान्छे गाउँसहर मिसिएको परिवेशमा घुलमिल हुँदै थिएँ।

अफिस जाने आउने क्रम जारी थियो मेरो। एकदिन त्यसै क्रममा आडैको कोठामा एक जना केटी बसेको थाहा पाएँ। सानी छोरी पनि थिई। मन्टेस्वरीमा पढ्दी रैछे छोरी। उहाँ भने प्राइभेट अफिसमा आइटीको काम हेर्नुहुँदो रहेछ। सामान्य चिनाजानी भयो। घर कहाँ के भनेर सोधियो? कहिलेकाहीँ न्यास्रो लाग्दा यसै बोल्ने साथी पाएँ जस्तो पनि भान भयो। शनिबारको दिन थियो। म कोठामा नै के गरौं र कसो गरौंको भावमा घोत्लिरहेको थिएँ। यस्तैमा उहाँले मलाई खाजा खान बोलाउनुभयो। मलाई अलि असजिलो लागेर आयो तर हत्ते गरेपछि म पुगेँ।चराको गुँड जस्तै सिंगारिएको थियो कोठा। म चकटीमा बस्न साथ छोरीले मलाई पुलुक्क हेरी। म भने कोठाका चारैकुना आँखा घुमाएर बसें। उहाँको श्रीमानको फोटो कतै देखिनँ। मैले अनि श्रीमान कहाँ हुनुहुन्छ? भनेर सोधें। उहाँले कुनै मोडमा साइकलको ह्यान्डिल मोडेजस्तै कुरा अन्तै मोड्नुभो। हामी फेसबुकमा जोडियौं। उहाँको नाम मञ्जरी रहेछ र थाहा पाएँ उहाँ त डिभोर्सी हुनुहुँदो रहेछ।

उमेरले मभन्दा २ वर्ष जेठो हुनुहुन्थ्यो। कलेजमा लाएको प्रेमलाई छिट्टै विवाहमा परिणत गर्नुभएको रहेछ। तर खै के मिलेन सम्बन्ध टुक्रिएको रहेछ। म त्यो रात निदाउन सकिनँ। आँखाले उहाँलाई पछ्याइरह्यो। बादलमा जुन छेलिएझैं छेलिए अनेकौं मेरा अड्चनहरू र म विस्तारै उहाँप्रति नजिकिन थालें।

एकदिन अर्को भेटमा उहाँ भन्दैहुनुहुन्थ्यो, 'म यत्ति राम्री थिएँ कलेज पढ्दा,सबै केटाले आँखा लाउँथे। मिस कलेज भएकाले पनि ममा अनेकौं क्षमताहरू थिए। तर उसैको हुन लेखेको रहेछ। निकै पछि लागेपछि म हार खाएँ र उसको मायामा फसें। तर जब विवाह भयो लाग्यो सिकारीले पासोमा पारे झैं महसुस भयो। प्रेमको ललिपप देखाएर विवाहको बन्धनमा मलाई पार्यो र ऊ भने विवाह बाहिरका सम्बन्धहरूमा रमाउन थाल्यो। एकदिन त अर्कै केटीसँग आफ्नै आँखाले देखें। मेरो आकास भनेको मात्र ऊ र वैवाहिक जिम्मेवारी थिएन। अझै धेरै ताराहरू झिलिमिलाउन बाँकी थियो।त्यसैले मैले डिभोर्स गरें। सानी छोरीलाई आफैसँग राख्ने निधो गरें। कुनै दिन आफ्नो बाबा खोजेकी छैन छोरीले त्यति धेरै माया स्नेह दिएर पालेकी छु। अरू त अरू आफ्नै खुट्टमा उभिएकी छु। त्यसले भन्दा बढी कमाउँछु। मलाई गहिरो चोट दिने श्रीमानको श्रीमती हुनुभन्दा मलाई डिभोर्सी केटी भएर बाँच्न इज्जतिलो लागिरहेको छ।'

यी कुराहरू सुनिसकेपछि मभित्र गुम्सिएको मन, घ्यार्र उघ्रियो। मानौं, मलाई अब प्रेमको चाहा भयो। रातहरू उहाँकै बारेमा सोचेर बित्न थाले। शनिबार कहिले आउला र उहाँले खाना खान बोलाउनुहोला होला भन्ने प्रतीक्षामा बस्न थालें।

म आफैलाई थाहा थिएन म के गरिरहेछु भनेर। आफ्ना भावनाका उभारहरू विस्तारै बढ्दै थिए। तर त्यो भावनालाई कसरी सहजीकरण गर्ने वा प्रेममा बदल्ने मैले मेसो पाएको थिइनँ। आफैलाई प्रश्न गरिरहेको थिएँ। 'के गर्दै छस् यो तँ? के तेरो एकतर्फी प्रेमलाई उसले स्वीकार्छे? ल ल मानौं उसले स्विकारी नै भने पनि के तेरा परिवारले स्वीकार्छन्? यो समाजले स्वीकार्छ? कहाँ गएर बस्छस् तँ? त्यत्रो सरकारी जागिरे भएर बाआमाको सपनामा लात हानेर अघि बढ्न सक्छस्? तलाईं आदर्श मान्ने तेरी बहिनीले के सोच्ली? तेरा बारेमा तेरो अफिसमा के के हल्ला चल्ला? कहीँ केटी नै नपाएर उमेर पुगेकी, आमा भइसकेकी डिभोर्सी केटीसँग फस्योभन्दा तेरो परिवारको सान मान कहाँ जाला?'

म अनुत्तरित भएँ।

गह्रौं मनौता ओढेर बसिरहें।

एकदिन अचानक उहाँले मलाई, 'सुन न! मेरो आमा सिकिस्तै हुनुभाछ रे म गाउँ जान पर्ने भयो। मेरी छोरी हेर्दिन्छौ दुई चार दिन' भनेर प्रस्ताव गर्नुभो।

मैले म पनि 'तपाईं सँगै जान्छु। केही सहयोग गर्छु' भनेर भनें।

उहाँले 'नाइँ' भन्न सक्नुभएन।

उहाँ यात्राभरी पीर चिन्तामा हुनुहुन्थ्यो। मैले नै छोरीलाई आफ्नै काखमा राखेर भुलाइराखें। हामी पुग्नासाथ उहाँको आमा बित्नुभयो। माइतमा आमाको एक मात्र सहारा उहाँ मात्रै हुनुहुँदो रहेछ। तेह्र दिने काजकिरियासम्म म अफिस छुट्टी लिएर गाउँमै बसें। सहयोग गरें। त्यो उहाँको साहस र व्यावहारिकता देखेर निकै आकर्षित भएँ, प्रेरित भएँ। सोची बस्थें, हाम्रो माया जम्यो भने- घुर्क्याउने, रिसाउने, माग्ने, हप्काउने केही हुने छैन। स्वभावहरूमा हामीले एक अर्कालाई बुझिदिनेछौं।

गोरखा बजार फर्किएपछि हाम्रा दिनहरू यसै बितिरहेका थिए। मलाई उहाँ दिनप्रतिदिन नरम लागिरहेको थियो। उहाँले मेरो प्रेमलाई सहजै स्वीकार गर्नुहुन्छ भन्ने आसहरूले मीठो रङ पोतिदिन्थ्यो मनमा।

काठमाडौं जान थियो तालिममा। त्यसअघि मनका भावनाहरू पोखेर जाउँ भन्ने चाहना भयो। अनि लेख्न थालें पत्र। अनि छोडिदिएँ ढोकामा च्यापेर।

'प्रिय मञ्जरी,

ठाउँ परिवेश समयहरू फेरिएपछि आफ्नै माथिको आकासको आयतन पनि बेग्लै लाग्दो रहेछ। शून्यतामा छु भन्दाभन्दै पनि कसैको उपस्थितिले विराटता थपिदिँदो रहेछ। सोच्ने व्यवहार, मनन गर्ने मन र स्नेह बाँड्ने मुटु छ र त औपचारिकताले बाटो बिराउँदो रहेछ। आज सम्बोधनमा तपाईंभन्दा पनि तिमी भनेर यो चिठी कोरौं जस्तो भाछ। तर तपाईलाई असहज पो लाग्ने हो कि भनेर आँट गरिरहेको छैन।

तपाईं र हाम्रो भेट भएदेखि हो, यो प्रेमको ज्वरोले भेटेको मलाई। सिटामोलको डोजले भन्दा तपाईंसँगको केही बात र मुस्कानले बरू यसलाई घटाइदिन्छ जस्तो लाग्छ। म आउँदा यो गोरखा बजार सुनसान थियो। मलाई एकान्त पनि बिरानो लाग्दै थियो तर जब देखि तपाईंलाई भेटें इन्द्रियहरूले अर्को जुनी पाएका छन्।

कसरी भनौं कि म तपाईंलाई प्रेम गर्छु भनेर?। किनकि म कहिल्यै प्रेममा परेको छैन। मलाई पढ्दाका संघर्षहरू थाहा छ, सफलताहरू थाहा छ। तर प्रेममा कसरी परिन्छ र गासिँन्छ भन्ने ज्ञान छैन।तर तपाईंलाई देख्न साथ, सुन्न साथ हावाले फुलेको बेलुन जस्तै मन उड्न थाल्छ। अनि एक दुई दिन बोल्न नपाउँदा मुटु गाँठो पर्छ। सायद यही नै त प्रेम हो।

थाहा छ तपाईंको अतित नमिठो छ। गाँठैगाठा परेका, मैला धुलौटे अतितलाई टकटक्याउँदै गाँठो फुकाउने साहस पनि गरेको भनेर नसम्झिनुहोला। किनकि प्रेम कुनै साहस वा समाजमा प्रेरणा पाउन गरिने चिज होइन। बरु स्वतस्फुर्त हुँदा गर्दा प्रेरणा कसैलाई मिलेछ भने त्यो बेग्लै कुरा। तपाईंले एक्लो भएर बाँच्न पक्रिएको लय बिथोल्न आएको पनि होइन। बिर्सिएका घाउहरूमा म आफूलाई मलम बनेर आएको छु भनेर पनि भन्दिनँ। तपाईं डिभोर्सी हुनु र नहुनुसँग यो प्रेमको कुनै साइनो छैन। किनकि मन पुरानो वा डिभोर्सी हुँदैन। तपाईंसँग पनि त्यो मन छ। मसँग पनि त्यस्तै मन छ।

म काठमाडौं जाँदैछु। फर्किंदा तपाईंको जबाफको अपेक्षा रहनेछ। तपाईंको 'हुन्छ' भन्ने जवाफ, यस्तो शक्ति भएर आउनेछ जसका कारण मेरा बाआमा, तपाईंका माइती वा सामाजिक व्यवधानहरूलाई सजिलै चिर्न सकौंला।

धन्यवाद'

यो चिठो छोडेर काठमाडौं आएको हप्ता दिनपछि म गोरखा फर्किएँ। जाँदा उहाँ बसेको कोठा रित्तो थियो जसलाई देखेपछि म पनि रित्तिएँ। उहाँ कोठा सरेर अन्तै जानुभयो रे कुनै अनजान सहरमा- घरबेटी भन्दै हुनुहुन्थ्यो। मैले मेरो ढोका खोल्दा भुइँमा उहाँको चिठी फेला पारें। लुगै नखोली पढ्न थालें।

'प्यारो मान्छे,तिमीलाई सर भनेर बोलाउँदा खल्लो लाग्यो आफैलाई त्यसैले तिमी भन्दैछु। अन्यथा नलिनुहोला। म तिमीलाई घृणा गर्थें त्यही भएर छोडेर गएँ भनेर नसम्झिनुहोला। किनकि त्यो भूलको प्रायश्चित गर्न म फेरि सक्नेछैन। प्रेमको पथमा ठेस लाग्छ होला भनेर म हिँड्न नचाहेको पनि होइन। तिमीप्रति मसँग पनि प्रेमिल भावहरू उत्तिकै छन्। तिम्रो चिठी पढेपछि मनमा धेरै प्रश्नहरू उब्जिए जस्तै -

'प्रेमको रहर नै किन गर्न सक्दिनस् तैंले? एक डिभोर्सी केटी भइस् त्यही भएर? कि एउटा प्रेमबाट धोका पाइस् अनि त्यही भएर? प्रेमको नयाँ सुरूआत गर्दा किन पुराना विवशताहरूलाई फिँजाउन पर्छ तलाईं? किन प्रेमलाई स्वाभिमानसँग जोड्छेस्? बारम्बार ब्रेकअप गरेर पनि मानिस बिहे अघि हाँस्न सक्छन् भने जाबो डिभोर्स गर्दैमा अर्को सम्बन्ध गाँस्न किन गाह्रो तलाईं?'

तर जबाफ मैले दिन सकिनँ। किनकि एउटा सम्बन्धबाट निस्किँदै गर्दा त्यो बिदाइ आत्मीय भएन भने अर्को सम्बन्ध जोड्न मान्छे जरूर हिच्किचाउँछ। ल! मानौं तिमी, तिम्रो परिवार वा समाज नै पूरै सकारात्मक भएता पनि आजको भोलि यो मेरो थकित मन, केही नभएको जसरी प्रस्तुत हुन सक्दैन। सेलाएको चिया जति स्वादिलो छ भनेर विज्ञापन गरिएता पनि त्यो मानिसलाई प्रिय हुँदैन। किनकि चियाको गुण भनेकै तातो हुनु हो। त्यसरी नै सम्बन्धलाई आवश्यक पर्ने प्रेमिल गुणहरू ममा धेरै मलिन भएका छन्। एकै दिनमा बादल सरेर झरी पर्दैमा फेरि आकाशमा कालो बादल मडारिन्न भन्ने ग्यारेन्टी कहाँ छ र? त्यो विगतको कालो बादल ममा आइरहन्छ, मडारिरहन्छ।

अर्को कुरा,म कसैकी श्रीमती थिएँ। र अब कसैकी ममतामयी आमा हुँ। कसैको प्रेमिका हुने नाममा मैले कतै आमा हुनुको कर्तव्य भुल्दै गएँ भनें म मेरी छोरीको लागि सदैव ओठमा मुस्कान लिएर उभिने त छु तर त्यो अपरिचित हुनेछ। बाँचुन्जेल जुन परिधि खिचिएको छ, डिभोर्सी केटीको ट्याग जो लागेको छ यसैलाई भिरेर वा परिधिभित्र मात्रै आफूलाई समेटेर बस्ने चाहना पनि मेरो होइन। यसरी सम्झ, डिभोर्सी नारीहरूको पुनर्जीवन वा मिलन, समाजमा हुर्किएको एउटा नयाँ अभ्यास जस्तै हो। र स्वयं नारीलाई पनि विद्रोह जस्तै हो। जसलाई हिँड्न, दौडिन र फैलिन समय लाग्छ। सुरूआत एकदिन हुने नै छ किनकि तिमी जस्तै असल मनहरूको जागृति जो पलाइसकेको छ। अहिले यो समयलाई माफ गरिदिनु प्रिय। फेरि कुनै दिन भेटिएछौ भने आशालाग्दो सपनाको उडान सँगै भर्नेछौं।

उही हितैषी मञ्जरी'

चिठी पढेर हाँगाबाट लुछिएको डाली जस्तै लुछिएँ र भुइँमा झरें। बल्लतल्ल उनेर लाएको स्वीटर ध्वार्र फुक्लिँदै गयो, म आफै लुगलुग काँपिरहें। आफैले आफैलाई फेरि प्रश्न सोधें, 'डिभोर्सी केटीसँग प्रेम गरें, मैले के बिराएँ?'

# बोर्ड परीक्षाकै दिन ब्रेक–अप!

• सागर घले

जिन्दगीमा प्रेम र पढाइलाई एकै बाटोतिर नडोऱ्याउन भन्ने मेरो अपेक्षा माथि खेलबाड भयो। प्रेमभन्दा पनि पढाइ लक्ष्य बोकेको मेरो निदारले प्रेमलाई समर्थन गर्न थाल्यो, मैले पढाइलाई भन्दा बढी प्रेमलाई समय दिन थालेछु। अब जिन्दगीले दुइटा लक्ष्यको लागि दौड गर्न थाल्यो; एक प्रेम अनि अर्को पढाइ।

म अहिले १९ वर्षको भएँ। मेरो यो उमेर प्रेम सम्बन्धमा लतपतिने उमेर हो भन्छ यो समाज। 'बाबु तिमी राम्ररी पढ, यो समय पढ्ने समय हो यो, माया प्रेमको चक्करमा नलाग्नु, जिन्दगी ब्रेक फेल हुन्छ' भन्ने मेरा आफन्तजनलाई मैले गिज्याए जस्तो भयो।

नभन्दै पढाइलाई प्रेम सम्बन्धले आफ्नो मातहतमा राख्न थाल्यो। उसको मुडले मेरो मुड चल्ने गर्थ्यो। आज ऊसँग राम्रो समय चलिरहेको छ भने मैले पनि पढाइलाई समय दिन्थें। कुनै बेला झगडा परेको बेला वा उनी रिसाएको बेला म पनि किताबसँग रिसाउँथें।

कहिलेकाहीँ यस्तो सोच पनि आउने गर्थ्यो कि उनी पनि मेरो भविष्य हुन् अनि पढाइ जसले गर्दा हामी दुवैको भविष्य सुरक्षित हुन्छ भन्ने भानमा म फसेछु, अल्झेछु र भुलिएछु।

खासमा यो प्रेम सम्बन्धमा गर्लफ्रेन्ड रिसाउँदा ब्वाइफ्रेन्डले फकाउनु पर्ने रे अनि ब्वाइफ्रेन्ड रिसाउँदा चाहिँ वास्ता नगर्नु रे! यो कस्तो संस्कृति बसेछ माया पिरतीमा भनेर बेलाबेला उनी रिसाएको बेला मेरो मनलाई यी कुराले खुब पोल्यो।

तर मेरा लागि हिजो पढाइ सबैभन्दा महत्त्वपूर्ण कुरा बनेको थियो भने अहिले उनीसँगको प्रेम र पढाइ। जसलाई सँगसँगै डोराएर हिँड्न खोजिरहेको थिएँ। रातभरि पढेर बस्न सकिँदैन थियो। किताब समाएपछि आँखाले निद्रा लागेको जनाउ घण्टी बजाउन थाल्थ्यो। तर जब कुरा उनीसँग भिडिओ कल गर्ने र टेक्स्ट म्यासेज गर्ने समय आउँथ्यो, चाहे रातको १ नै किन नबजोस् यी आँखाले निद्राको जनाउ घण्टी नै बजाउँदैन थियो।

यसरी पढाइलाई पनि उसको र मेरो प्रेम सम्बन्धले बिस्तारै लात हान्दै गयो। अब किताब झिकेर पढ्नेभन्दा मोबाइल झिकेर उसको म्यासेज पढ्न आतुर हुन थालेछु।

कक्षा कोठामा गुरु अगाडि उभिएर पढाइरहनु हुन्थ्यो। म भने रातभरिको निद्रा र उसको त्यो मिठो म्यासेजको सम्झनामा भुलिन्थें, सम्झन्थें, हराउँथें। अनि गुरु भन्नु हुन्थ्यो- रोल न ४। म अझै उतै भुलिरहेको हुन्थें। जब एक्कासि मार्करको झट्टी मेरो अगाडि आइपुग्थ्यो अनि म झस्किएर हेर्दा सबै जना गलल हाँस्थे। त्यसपछि मात्र म भन्थें- हाजिर छु गुरु।

यतिसम्म प्रेमको भूतले लखेट्यो कि मलाई मेरो बोर्ड परीक्षा आउँदै छ भन्ने कुरा नि मैले पत्ता पाएन छु। पढाइको नाममा उसको म्यासेज बाहेक केही पढेको छैन, सुनेको कुरा गर्दा उसको भ्वाइस म्यासेज बाहेक केही सुनेको छैन अनि हेरेको भनेको उनको त्यो सुन्दर अनुहार त्यही नि भिडिओ कलमा।


यसरी कसरी भइएला त पास?

अर्को दोधारले मेरो मस्तिष्कको झोला खोतल्न थाल्यो।

भोलि बोर्ड परीक्षाको, पहिलो दिन नै सबैभन्दा गाह्रो विषय परेको छ। कानुन क्षेत्रको सबैभन्दा गाह्रो र पढ्न जाँगर नचल्ने विषय 'ज्युरिस्प्रुडेन्स' विषय। तर विडम्बना! एक हप्ताभन्दा बढी भएछ उनीसँग कुरा नभएको। न त कल नै रिसिभ गर्छिन् न म्यासेज नै सिन गर्छिन्। अब भएन त तनाव!

यता भोलि परीक्षा पढ्नु पर्ने तर पढेको केही छैन। उता प्रेमिका एक हप्तादेखि म्यासेज गरिरहेकी र कल उठाइरहेकी छैन। साथीले त भन्थ्यो बौद्धको क्याफेमा एक जना केटासँग कफी पिउँदै थिइन् भनेर।

अब न त पढ्ने जाँगर नै आउँछ न उसलाई म्यासेज गर्ने, कल गर्ने। अनि अन्त्यमा केही उपाय नलागेपछि सबै सामाजिक संजाल डिएक्टिभेट गरेर उसलाई ब्रेकअप गर्ने निर्णय लिएको छु।



**हनुमान कम्प्लेक्समा बाँदरले पहरेदारी गर्दै :**
**बिर्तामोड । बिर्तामोडको मुक्तिचौक छेउमा रहेको हनुमान कम्प्लेक्समा केही दिनदेखि एउटा बाँदर देखिने गरेको छ । राति हराउने गरेको एकल बाँदर दिउँसोभरि कम्प्लेक्सकै वरिपरि भेटिने गरेको छ । त्यहाँका व्यवसायीहरुले त्यस बाँदरलाई नबिच्काई विभिन्न खानेकुरा खान दिने गरेका छन् ।(फोटो– जगन्नाथ भट्टराई)**

# बिर्तामोड वाणिज्य संघको सातौं साधारण सभा

बिर्तामोड(प्रस)। नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशका अध्यक्ष राजेन्द्र राउतले अर्थतन्त्र धरासायी बन्दै गएको बेला व्यवसायीहरुलाई पलायन हुनबाट रोक्न सरकारले विशेष पहल गर्नु पर्ने बताएका छन् । जसका लागि सरकारले विभिन्न कार्यक्रम र योजनाहरू ल्याउनुपर्ने बताउँदै अध्यक्ष राउतले व्यवसायीलाई प्रोत्साहित गरेमात्रै देशको अर्थतन्त्र बलियो हुने धारणा राखे ।

बिर्तामोड उद्योग वाणिज्य संघको सातौं वार्षिक साधारण सभाको उद्घाटन गर्दै अध्यक्ष राउतले कोभिडपछि समग्र देशको अर्थतन्त्र खस्किएको र त्यसमाथि व्यवसायीहरु पलायनको अवस्थामा पुगेकाले उनीहरुलाई राज्यले संरक्षण गर्नु पर्ने बताए । उनले व्यवसायीहरू पनि कानुनको दायरामा रहेर समयमै कर चुक्ता गर्दै राज्यको सेवा सुविधा उपभोग गर्न आग्रह गरेका छन् ।

बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष राजु न्यौपानेको अध्यक्षतामा भएको कार्यक्रममा संघका बरिष्ठ उपाध्यक्ष राजकुमार घिमिरे 'राजु'ले स्वागत गरेका थिए ।

कार्यक्रममा अध्यक्ष न्यौपानेले संस्थाको बार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए भने उनले उद्योग वाणिज्य संघका २३ वटा भावी योजनाहरू समेत प्रस्तुत गरेका छन् । यसैबीच बिर्तामोड उद्योग बाणिज्य संघले गरेको कार्यक्रम तथा गतिबिधिलाई श्रव्यदृश्यमार्फत प्रस्तुत गरिएको थियो ।

कार्यक्रममा बिर्तामोड उद्योग बाणिज्य संघले लगाएको बिर्तामोड औद्योगिक व्यापार महोत्सवको मुख्य प्रायोजक एपोलो पेन्ट्सलाई सम्मान गरिएको थियो । उक्त सम्मान एपोलो पेन्ट्सको आधिकारिक बिक्रेता एपोलो कलर हाउस बिर्तामोडका सञ्चालक डिल्लीराम कोइरालाले ग्रहण गरेका थिए ।

सोही कार्यक्रममा अग्रज व्यवसायी गणेश मादेनलाई नगद ११ हजार , सम्मानपत्र र दोसल्लाबाट सम्मान गरिएको थियो । कार्यक्रममा सम्मानित ब्यक्तित्व मादेनले आफूले प्राप्त गरेको नगद ११ हजार बिर्तामोड उद्योग वाणिज्य संघले स्थापना गरेको व्यवसायिक राहत कोषमा हस्तान्तरण गरेका थिए ।

कार्यक्रममा नेपाल उद्योग बाणिज्य महासंघका केन्द्रीय सदस्य नविन रिजाल, नरेन्द्र खड्का, बिर्तामोड उद्योग बाणिज्य संघका पूर्व अध्यक्ष कुमार भट्टराई, झापा जिल्ला खेलकुद विकास समितिका अध्यक्ष प्रशान्त भण्डारी , प्रमुख जिल्ला अधिकारी गोपाल अधिकारी, नेकपा एमाले बिर्तामोड नगर अध्यक्ष सुवास भट्टराई, दमक उद्योग बाणिज्य संघका अध्यक्ष गोपाल गुरागाँई, बिर्तामोड नगरपालिकाका उपप्रमुख नगेन्द्रप्रसाद संग्रौला, महिला सुरक्षा दवाव समूहकी अध्यक्ष शारदा ढकाल रिजाललगायतले शुभकामनासहित मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रमको सञ्चालन बिर्तामोड उद्योग वाणिज्य संघका महासचिव कुशल खतिवडाले गरेका थिए ।

# बाढीले क्षतिग्रस्त पुल बनाउन प्रतिबद्ध : मन्त्री राई

झापा(प्रस) । कोशी प्रदेश सरकारका भौतिक पूर्वाधार मन्त्री भुपेन्द्र राईले असोज महिनामा अविरल वर्षा पछि आएको बाढीले पुल बगाएका खोला नालामा पुनः पुल निर्माणका लागि आफू प्रतिबद्ध रहेको बताएका छन् ।



शनिबार पाँचथर पुगेका राईले फिदिम र फालेलुङलाई जोड्ने फेमे खोलामा तत्कालका लागि संघीय सरकारले उपलब्ध गराउने बेलिब्रिज ल्याएर जोड्दै पक्की पुल निर्माणको प्रकृया अगाडि बढाउने बताए ।

"प्रदेश सरकारसँग बेलिब्रिज थिएन, संघीय सरकारलाई मागेका छौं, गृह मन्त्रालय मातहतको विपद प्राधिकरणले ६० मिटर लामो बेलिब्रिज उपलब्ध गराउने भनेको छ, त्यो ल्याएर जडान गर्छौं, पक्की पुलका लागि एक साता भित्र डिपिआर सुरु हुन्छ ।'' मन्त्री राईले भने ।

बाढीले क्षतिग्रस्त पुल पुनर्निर्माणका लागि प्रदेशभरका लागि ४० करोड रुपियाँ स्रोत सुनिश्चित गरेको पनि राईको भनाइ थियो । पर्याप्त बजेटसँगै स्रोत सुनिश्चित नहुँदा पनि पुल निर्माण ढिलाई भएको उनको भनाइ थियो ।

यसअघि बाढी आएलगत्तै अनुगमनमा आएका मन्त्री राईले तत्काल पुल निर्माण गर्ने प्रतिबद्धता जनाएर फर्किएका थिए । त्यसको सात महिनापछि पुनः पाँचथर पुगेका राईले पुल बनाउने प्रतिबद्धता जनाएका हुन् ।

# करेन्ट लगाएर माछा मार्नेलाई एक लाख जरिवाना



झापा(प्रस) । संखुवासभाको सभापोखरी गाउँपालिकाले करेन्ट लगाएर माछा मारे एक लाखसम्म जरिवाना गर्ने निर्णय गरेको छ । गाउँपालिकाले निषेधित क्षेत्र तोकेको सभाखोला र लङ्ुवा खोलामा करेन्ट लगाएर माछा मारे एक लाखसम्म जरिवाना गर्ने निर्णय गरेको हो ।

सभापोखरी गाउँपालिकाको २१ गते बसेको कार्यपालिका बैठकले सभाखोला र लङ्ुवा खोलाको संरक्षण क्षेत्रमा वा निषेधित क्षेत्रमा करेन्ट लगाएर माछा मार्नेलाई एक लाख जरिवाना गर्ने निर्यण गरिएको सभापोखरी गाउँपालिका उपाध्यक्ष लक्ष्मी चापागाईंले जानकारी दिए।

त्यस्तैगरी क्षेत्रमा जाल हान्ने, बल्छी, घरुवा, दुवालीको प्रयोग गरी माछा मार्नेलाई ५० हजार जरिवाना गर्ने निर्णय गरिएको उपाध्यक्ष चापागाईंले बताए। गाउँपालिकाले प्रहरी प्रशासनको सहयोगमा माछा मार्ने व्यक्तिलाई प्रकाउ गरी जरिवाना असुल गर्ने र सो रकमको १५ प्रतिशत सम्बन्धित प्रहरी प्रशासनलाई प्रोत्साहनस्वरुप दिइने प्रमुख प्रशासकिय अधिकृत बुकुप्रसाद आचार्यले बताए।

त्यसैगरी निषेधित क्षेत्रमा मार्ने व्यक्तिको बारेमा गोप्य सूचना दिनेलाई ५ प्रतिशत रकम प्रोत्साहन उपलब्ध गराउने निर्णय गरेको गाउँपालिकाले जनाएको छ । जरिवाना असुल गर्न नसकिए नेपाल सरकारको प्रचलित कानुन बमोजिम मुद्दा दर्ताको लागि सिफारिस गर्ने जनाएको छ ।

# घण्टी बजाएर रास्वपाको 'जनयात्रा' शुभारम्भ



झापा(प्रस) । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को जनयात्रा कार्यक्रमको औपचारिक रुपमा शुभारम्भ गरिएको छ । शनिबार चितवनको भरपुर स्थित गेस्ट हाउस चौरमा आयोजित कार्यक्रममार्फत ' जनताको कुरा सुन्ने यात्रा, जनयात्रा'को शुभारम्भ गरिएको हो ।

पार्टीका उपसभापति स्वर्णिम वाग्लेसहितका नेता कार्यकर्ताले घण्टी बजाउँदै औपचारिक रूपमा कार्यक्रमको शुभारम्भ गरेका थिए ।

सत्तामा बस्नेहरूले प्रतिशोधको ज्वाला दन्काउँदा पनि निर्भिक र निडर भई राष्ट्रिय स्वतन्त्र पार्टी देश निर्माणको यात्रामा अटल, अडिग र अविचलित रूपमा अगाडि बढिरहेको र यही यात्राको अर्को श्रृङ्खला जनयात्रा भएको रास्वपाको भनाइ छ ।

रास्वपाले देशमा व्याप्त भ्रष्टाचार, कुशासन र गलत नीति तथा गतिविधिहरू विरुद्धको लडाइँमा आवाज अझ बुलन्द गर्ने बेला आएको जनाएको छ । 'सत्तामा बसेकाहरूलाई तिमीहरूको अत्याचार अति भयो नसच्चिने भए सक्किन तयार बस भनेर शंखनाद गर्ने बेला आएको छ । गाउँ गाउँमा जाने बेला आएको छ । बस्ती बस्तीमा पुग्ने बेला आएको छ', रास्वपाको भनाइ छ ।

कार्यक्रमको शुभारम्भ सभापति रवि लामिछानेसहितका नेताहरूको उपस्थितिमा हुने भनिएपनि त्यसअघि नै उनी शुक्रबार पक्राउ परेका थिए । सहकारी ठगी प्रकरणमा अदालतको आदेशअनुसार उनी पक्राउ परेपनि जनयात्रालाई जारी राख्ने शुक्रवार राति बसेको रास्वपा केन्द्रीय सचिवालयको बैठकले निर्णय गरेको थियो ।

पार्टीको घोषणाअनुसार चितवनबाट जनयात्रा शुभारम्भ गर्ने निर्णय भने लामिछानेकै अध्यक्षतामा चैत १८ मा बसेको बैठकले गरेको थियो ।

# अर्गानिक चिया उत्पादनमा जोड

झापा(प्रस) । ताप्लेजुङका किसानले अर्गानिक चिया उत्पापदनमा जोड दिन थालेका छन् । जिल्लाको सिरिजङ्घा गाउँपालिका–८ याम्फदिनका किसानले अर्गानिक हातेपत्ती चिया उत्पादनमा जोड दिन थालेका हुन् । हातेपत्ती चियाको माग बढेसँगै अर्गानिक उत्पादनमा जोड दिन थालेको किसानले बताएका छन् ।



ज न प् ति नि धि का ि भूमिकामासमेत रहेका याम्फुदिनका किसान सन्तोष राईले अर्गानिक चिया उत्पादनमा जोड दिन थालेको बताए । राई जिल्ला समन्वय समिति ताप्लेजुङको सदस्य हुन् । विगत २०६५ सालदेखि व्यावसायिक चिया खेती सुरु गरेका राईले अर्गानिक चिया उत्पादन गर्दै आएका छन् ।

उनले सुरुदेखि नै अर्गानिक चिया (हातेपत्ती) उत्पादन गर्दै आएका छन् । अर्गानिक हातेपत्ती चियाको माग बढ्दै गएकाले अर्गानिक उत्पादनमै जोड दिन थालेको उनले बताए । चिया बगान (बगैंचा) मा गाईवस्तुको गोबर मल प्रयोग गर्ने गरेको र विषादीरहित अर्गानिक चिया उत्पादन गर्दै आएको उनको भनाइ छ ।

इलामको सुम्बेकबाट ४०० वटा चियाको बिरुवा ल्याएर खेती सुरु गरेका राईले हाल करिब १३ रोपनी क्षेत्रफल बराबरमा चिया खेती विस्तार गरेका छन् । समुद्री सतहदेखि दुई हजार एक सय मिटर उचाइ रहेको क्षेत्रमा लगाएको खेतीबाट हाल वर्षमा तीन सय किलोग्राम जति अर्गानिक हातेपत्ती चिया उत्पादन हुँदै आएको उनले बताए । खेती विस्तार भएको सबै बगैंचामा चियाको बिरुवा हुर्किनसकेकाले कम मात्र उत्पादन हुँदै आएको पनि उनले बताए ।

आधुनिक प्रविधि र प्रशोधनबिना उत्पादन गरिने अर्गानिक हातेपत्ती चिया हिमाली गोठहरु र गाउँघरमै खपत हुँदै आएको राईले जानकारी दिए । अर्गानिक हातेपत्ती चियाको फरक स्वाद हुने र कुनै असर नगर्ने भएकाले माग अत्यधिक रहेको उनले बताए । उनका अनुसार हाल उत्पादन हुँदै आएको चियाले माग धान्न सकेको छैन ।

# अटोमोबाइल र अटोपाट्र्समा अधिकतम खुद्रा मूल्य तोक्न निर्देशन

झापा(प्रस) । वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले अटोमोबाइल र अटोपाट्र्समा अधिकतम खुद्रा मूल्य (एमआरपी) तोक्न अटोमोबाइल एसोसिएसन नेपाल (नाडा) लाई निर्देशन दिएको छ ।

विभागका महानिर्देशक कुमार दाहालले नाडा व्यवसायीसँगको औपचारिक छलफलमा अटोपाट्र्स एमआरपी तोकेर मात्रै बजारमा ल्याउन निर्देशन दिएका हुन् । यसअघि डन्डी र सिमेन्ट उद्योगीलाई बोलाएर एमआरपी तोक्न निर्देशन दिएको विभागले नाडाका पदाधिकारीलाई बोलाएर एमआरपी तोक्न निर्देशन दिएको हो ।



अहिलेसम्म अटोमोबाइल र अटोपाट्र्सको एमआरपीनतोकिँदा व्यापारीले जति भन्छन् उपभोक्ता त्यति नै तिर्न बाध्य छन् । यस्ता वस्तुको मूल्य पसलैपिच्छे फरक हुने गरेको छ । कतिपय व्यापारीले व्यक्तिको अनुहार हेरेर मूल्य भन्ने प्रवृतिको अन्त्यका लागि पनि अटोमोबाइल र अटोपाट्र्समा अनिवार्य एमआरपी तोक्नुपर्ने आवश्यकता रहेको जनाइएको छ ।

छलफलमा नाडाका अध्यक्ष करण चौधरीले एक साताभित्र सबै व्यवसायीले अटोमोबाइल र अटोपाट्र्सको एमआरपी तोकेर मात्रै बिक्री गर्ने प्रतिबद्धता व्यक्त गरे । सबै व्यवसायीलाई यस विषयमा आजैदेखि 'इमेलमार्फत सर्कुलर' गर्ने पनि उनले प्रतिबद्धता जनाए ।

विभागले यो साताको सुरुदेखि नै अटोमोबाइल र अटोपाट्र्सका व्यवसायी फर्मको अनुगमन गर्दै आएको छ ।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५५५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** — आज कला, साहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ । शेयर बजारको साथ मिल्नेछ ।

**वृष** — रोजगारको अवसर मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।

**मिथुन** — छोटो दुरीको लाभदायक यात्रा रहला । वैदेशिक कार्य अघि बढ्नेछ ।

**कर्कट** — आज नसोचेको ठाउँबाट धन हात पर्नेछ । धार्मिक तथा समाजसेवामा मन लाग्नेछ।

**सिंह** — प्रेममा मनमुटावका साथै मन कमजोर रहनेछ । यात्रामा मालसामान हराउन सक्छ।

**कन्या** — महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ

**तुला** — आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।

**वृश्चिक** — आज भाग्योदय हुनेछ । धर्म, कर्म तथा समाज सेवामा मन लाग्नेछ ।

**धनु** — आज यात्रामा मालसामान हराउन सक्छ । सौन्दर्यतामा धन खर्च पनि हुनेछ ।

**मकर** — मित्र वा आफन्तको सहयोग मिल्नेछ । बौद्धिकताको विकास हुनेछ ।

**कुम्भ** — आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । व्यवसायबाट लाभ मिल्नेछ ।

**मिन** — पारिवारिक जमघटको वातावरण बन्ला ॥ व्यापार, व्यवसायमा पर्याप्त लाभ मिल्नेछ